तानसेन नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

५ नम्वर प्रदेश

तानसेन, पाल्पा नेपाल

## तानसेन नगरपालिकाको जग्गा खरिद गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७६।०५।२६**

तानसेन नगरपालिका वनदेवी क्षेत्रको प्रस्तावित बसपार्क (वस टर्मिनल) लगायतका संरचना निर्माणको लागि नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७६।०३।०५ को निर्णय एवं मिति २०७६।०३।१० मा नेपाल सरकार वन तथा भूसंरक्षण विभागसँग भएको सम्झौता अनुसार भोकाधिकार प्राप्त ४.९९ हेक्टर जग्गा नेपाल सरकारको नाममा सोधभर्ना गर्नुपर्ने कानूनी व्यवस्था भएको र तानसेन नगरपालिकाको मिति २०७६।०५।१४ गते वसेको वैठकवाट सोही बमोजिम निर्णय भएकोले वन ऐन, २०४९ को दफा ६८ तथा वन नियमावली, २०५१ र राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्वन्धी कार्यविधि, २०७४ अनुसार तानसेन नगरपालिकाले उक्त क्षेत्रमा वसपार्क लगायतका संरचना निर्माण गर्न तानसेन नगरपालिका वडा नं. ५ मा रहेको मिलिजुली पालेको रमाईलो सामुदायिक वनको ४.९९ हेक्टर (करिव १०० रोपनी) जग्गा प्रयोग गर्नेगरी उक्त सम्झौताको वुदा नं. ३ अनुसार पाल्पा जिल्लाका राष्ट्रिय वनसँग जोडिएका भौगोलिक र पारिस्थितिय क्षेत्रको प्रतिनिधित्व हुनेगरी नीजि जग्गा खरिद गरी नेपाल सरकार वन तथा भूसंरक्षण विभागको नाममा रजिष्ट्रेशन पास गरिदिने जग्गा उपलब्ध गराउनु पर्ने भएकाले उपरोक्त विवरण अनुसार सम्भावित क्षेत्रको तपसिलमा उल्लेखित विवरण सहित जग्गा विक्रि गर्न ईच्छुक व्यक्तिहरुवाट १५ दिन भित्र यस तानसेन नगरकार्यपालिकाको कार्यालयमा आवेदन दर्ता गराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ।

तपसील

१. जग्गाको स्वामीत्व खुल्ने जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपी
२. जग्गाको चौकिल्ला खुलेको प्रमाण
३. जग्गाको नक्सा
४. जग्गा रोक्का नरहेको प्रमाण
५. चालु आ.व.को सम्पत्तिकर/मालपोत तिरेको रसिद
६. नागरिकता प्रमाणपत्रको प्रतिलिपी
७. दिन सक्ने प्रतिरोपनी जग्गाको मुल्य रु.

विस्तृत जानकारीका लागि तानसेन नगरकार्यपालिकाको कार्यालयमा सम्पर्क राख्नुहुन।

०७६/०५/२६

तानसेन नगरपालिका

निमित्त प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner